आज मिति २०८२।०४।२६ गते सोमबारका दिन बिहान ०८:०० बजे यस बागमती गाउँपालिकाका अध्यक्ष श्री सर्केश घलानज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो।

| उपस्थिति | | | |
|---|---|---|---|
| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
| १ | श्री सर्केश घलान | अध्यक्ष | |
| २ | श्री फणिन्द्र कुमार तिमल्सिना | उपाध्यक्ष | |
| ३ | श्री हस्त बहादुर थिङ, ०१ नं. का.वा. वडाध्यक्ष | सदस्य | |
| ४ | श्री जनक बहादुर पहरी, ०२ नं. वडाध्यक्ष | सदस्य | |
| ५ | श्री कमान सिं पाखिन, ०३ नं. वडाध्यक्ष | सदस्य | |
| ६ | श्री दन्त लाल माझी, ०४ नं. वडाध्यक्ष | सदस्य | |
| ७ | श्री विजय कुमार भोलन, ०५ नं. वडाध्यक्ष | सदस्य | |
| ८ | श्री टेक बहादुर डिम्डुङ, ०६ नं. वडाध्यक्ष | सदस्य | |
| ९ | श्री उत्तर बहादुर भोलन, ०७ नं. वडाध्यक्ष | सदस्य | |
| १० | श्री इन्द्रमणी तिमल्सिना, ०८ नं. वडाध्यक्ष | सदस्य | |
| ११ | श्री पुनराम घलान, ०९ नं. वडाध्यक्ष | सदस्य | |
| १२ | श्री भिम भुजेल | सदस्य | |
| १३ | श्री डम्बर बहादुर विश्वकर्मा | सदस्य | |
| १४ | श्री अम्बिका विश्वकर्मा | सदस्य | |
| १५ | श्री उर्मिला वि.क. | सदस्य | |
| १६ | श्री भगवती माया माझी | सदस्य | |
| १७ | श्री सुनिता नेगी | सदस्य | |
| १८ | श्री ओम बहादुर दर्जी | सचिव | |

CamScanner

मितिः २०८२।०४।२६ गते    गाउँ कार्यपालिका    बैठक नं. ६७

| क्र.सं. | प्रस्तावित विषयहरु | कैफियत |
|---|---|---|
| १ | विगत गाउँ कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा। | |
| २ | कार्यविधि संशोधन सम्बन्धमा। | |
| ३ | भवन अभिलेखीकरण सम्बन्धमा। | |
| ४ | दुग्ध पदार्थ संकलन केन्द्र स्थापना तथा संचालन सम्बन्धमा। | |
| ५ | १५ शैया आधारभूत अस्पताल सम्बन्धमा। | |
| ६ | क्रसर उद्योग स्थापना तथा संचालन सम्बन्धमा। | |
| ७ | लिलाम बिक्री गर्ने प्रयोजनार्थ प्राविधिक समिति गठन सम्बन्धमा। | |
| ८ | बागमती गाउँपालिकाको स्थानीय दररेट समिति गठन सम्बन्धमा। | |
| ९ | रिक्त मेडिकल अधिकृत पदमा पदपूर्ति सम्बन्धमा। | |
| १० | विविध १ र २ | |

सर्केश पन्त
अध्यक्ष

## निर्णयहरु

### निर्णय नं. ०१

प्रस्तावित विषय नं. ०१ माथि छलफल गर्दा यस गाउँ कार्यपालिकाबाट गत विगतमा गरिएका अधिकांश बैठकका निर्णयहरु कार्यान्वयन भएका एवं कार्यान्वयनका चरणमा रहेको हुँदा थप प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिका अन्तर्गतका जनप्रतिनिधिमुलक संयन्त्र, कर्मचारी संयन्त्र तथा सम्पूर्ण सरोकारवालाहरुको सहयोग एवं समन्वयमा सबै संयन्त्रहरु परिचालन गरी कार्यसम्पादन गर्ने सर्वसम्मतिमा निर्णय गरियो।

### निर्णय नं. ०२

प्रस्तावित विषय नं. ०२ माथि छललफल गर्दा यस बागमती गाउँपालिकामा करार सेवा मार्फत प्राविधिक कर्मचारीहरुको पदपूर्ति कार्यलाई सरल र सहज बनाउन देहायको कार्यविधि अनुसूची-१ बमोजिम संशोधन गरी कार्यान्वयन गर्ने सर्वसम्मतिमा निर्णय गरियो।

देहाय

| क्र.सं. | कार्यविधिको नाम | कै. |
|---|---|---|
| १ | बागमती गाउँपालिकामा करार प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ | संशोधन |

### निर्णय नं. ०३

प्रस्तावित विषय नं. ०३ माथि छलफल गर्दा बागमती गाउँपालिकाको पूर्व निर्मित भवन नियमित तथा अभिलेखीकरण कार्यविधि, २०८१ बमोजिम बागमती गाउँपालिका अन्तर्गतका प्रचलित कानुन बमोजिम बनेका पूर्व निर्मित भवन नियमित तथा अभिलेखीकरण गर्ने प्रयोजनार्थ ३५(पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरी कानुन बमोजिम आवश्यक सहजीकरण गर्ने सर्वसम्मतिमा निर्णय गरियो।

### निर्णय नं. ०४

प्रस्तावित विषय नं. ०४ माथि छलफल गर्दा यस बागमती गाउँपालिका क्षेत्रभित्र उत्पादन हुने र भएका दुग्धजन्य पदार्थको दिगो बजारीकरणका लागि खरिपाटी डेरी प्रा.लि. चागुँनारायण-०५ भक्तपुर सँग भएको सम्झौता मुताविक बुँदा नं. ०९ मा उल्लिखित प्रावधान अनुसार करिब ५ हजार लिटर क्षमताको दुग्ध पदार्थ संकलन केन्द्र स्थापना तथा संचालनार्थ बागमती गाउँपालिकाको वडा नं. ०४ मा अवस्थित कृषि उपज संकलन केन्द्रका लागि निर्मित भवनको सदुपयोगको दृष्टिकोणले समेत आपसी समझदारीमा बार्षिक रुपमा भाडा सम्झौता नवीकरण हुने गरी भाडा बापत मासिक रु. १० हजार लिने गरी उक्त खरिपाटी प्रा.लि. लाई भाडामा दिने सर्वसम्मतिमा निर्णय गरियो। साथै उक्त भवन उपयोग गर्दा लाग्ने पानी, बिजुली लगायतका अन्य शुल्क स्वयम् प्रा.लि. ले नै व्यहोर्ने गर्ने उक्त भवनको संरचना उपयोग गर्न दिने निर्णय गरियो।

सर्केश घलान
अध्यक्ष

CamScanner

गाउँ कार्यपालिका

मिति: २०८२।०४।२६ गते

*निर्णय नं. ०५*

**प्रस्तावित विषय नं. ०५** माथि छलफल गर्दा बागमती गाउँपालिका र शिवालय बिल्डर्स प्रा.लि. बीचमा भएको सम्झौता अनुसार
सहिद समृति १५ शैया आधारभुत अस्पताल निर्माण कार्य कार्यान्वयनार्थ बागमती गाउँपालिकाको कार्यालयबाट आ.व.
२०७९/०८० को ठेक्का बन्दोबस्त अन्तर्गत १५ शैया आधारभूत अस्पताल निर्माणको लागि मिति २०८०/०२/२४ गते
श्री शिवालय बिल्डर्स प्रा.लि. र यस कार्यालय बीच ने.रु.१७,८८,६१,०७९।५२ (अक्षरेपि सत्र करोड अठासी लाख
एकसट्ठी हजार उनानअसी रुपैयाँ र बाउन्न पैसा मात्र) मा सम्झौता भई निर्माण कार्य अन्तिम चरणमा पुगेकोमा १५ शैया
अस्पताल निर्माणको उद्देश्य, सो अस्पतालबाट प्रदान गरिने सेवाको प्रकृति, सोको उपयोगिता, प्राविधिक राय तथा सिफारिस,
अवस्थिति एवं स्थानको आधारमा *अनुसूची-४* मा उल्लिखित भेरिएशन आदेशलाई स्वीकृत गरी सोही बमोजिम कार्य गर्न,
गराउन प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मतिमा निर्णय गरियो।

*निर्णय नं. ०६*

**प्रस्तावित विषय नं. ०६** माथि छलफल गर्दा बागमती गाउँपालिकाको आ.व. २०८१/०८२ को बार्षिक नीति, कार्यक्रम तथा
बजेटमा उल्लिखित क्रसर निर्माण योजना कार्यान्वयानार्थ गत विगत आ.व. २०८०/०८१ को मिति २०८०/१२/०६ मा
Santa Consultant Pvt. Ltd, Kathmandu ले तयार गरेको D.P.R तथा मिति २०८१/०५/०५ मा स्वीकृत IEE
प्रतिवेदनको आधारमा मिति २०८१/०१/१६ गतेको खनिज पदार्थ विकास समितिको सिफारिसमा मिति २०८१/०१/१६
गते बसेको गाउँ कार्यपालिका बैठकको निर्णयानुसार सो निर्णय कार्यान्वयन गर्न गाउँ कार्यपालिकाको कार्यालयले "क्रसर
निर्माण" Project Title "Construction, Installation, Testing and Commissioning of 100 TPH Crushing Plant at
Bagmati, Makwanpur" IFB no: BRM/NCB/TEND/010/2081/082 ठेक्का बन्दोबस्तको लागि मिति २०८२/०१/३० मा
PPMO को Online Portal तथा नयाँ पत्रिका राष्ट्रिय दैनिकमा समेत सूचना प्रकाशन गरी ठेक्का आह्वान गरेको एवं मिति
२०८२/०२/२९ मा Technical Bid Opening गरिएकोमा बोलपत्रदाताहरुबाट पेश हुन आएको Technical Bid
Response हरु १. Batas Tractors Pvt. Ltd., Tangal Chowk, Kathmandu २. MARSYANGDI-APPLIED JV,
Kathmandu, Nepal को Technical Evaluation Criteria, Eligibility & Qualification को लागि आवश्यक सम्पूर्ण
कागजातहरु माग बमोजिमका पेश गरेकोले दुवै बोलपत्रदाताहरु Technical Evaluation मा सफल भएको हुँदा मिति
२०८२/०३/२७ मा Financial Bid Opening Publish भई मिति २०८२/०४/०९ मा Financial Bid Opening
गरिएकोमा उल्लिखित दुवै Technical Evaluation मा सफल बोलपत्रदाताहरुको Financial Bid Response लाई मूल्याङ्कन
गर्दा श्री MARSYANGDI-APPLIED JV, Kathmandu, Nepal ले सबैभन्दा घटी बोलकबोल गरेको रकम
रु.५,१९,४९,०७३।९४ (अक्षरेपि पाँच करोड उन्नाईस लाख उनान्पचास हजार त्रिहत्तर रुपैयाँ चौरानब्बे पैसा मात्र भ्याट
सहित) Cost Estimated Amount भन्दा ७.३२% ले घटी रहेकोले श्री MARSYANGDI-APPLIED JV, Kathmandu, Nepal
को बोलकबोल रकम न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा उक्त बोलपत्र स्वीकृत गर्ने सर्वसम्मतिमा
निर्णय गरियो। साथै यस चरण सम्म आइपुग्नका लागि गाउँ कार्यपालिकाको कार्यालयले सहजीकरण गर्दै अपनाएका सबै
प्रक्रियाहरुलाई अनुमोदन गरी सम्बन्धित बोलपत्रदाताहरुलाई सूचित गर्ने प्रयोजनार्थ आशयको सूचना प्रकाशन गरी जानकारी
गराउन प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मतिमा निर्णय गरियो।

सर्केश घलन
अध्यक्ष

CamScanner

*निर्णय नं. ०७*

**प्रस्तावित विषय नं.** ०७ माथि छलफल गर्दा गाउँपालिकाले जफत गरिएका वा गाउँपालिकाको कानुनी कारवाहीका क्रममा गाउँपालिकाको नियन्त्रणमा आइ तोकिएको म्याद भित्र सम्बन्धित धनीले फिर्ता नलगेका जुनसुकै किसिमका मालसमान एवं पुराना सवारी साधन, चौपाया र गाउँपालिका तथा गाउँपालिका अन्तर्गतका वडा कार्यालय लगायतका सरकारी कार्यालयमा रहेको पुराना मेशिनरी औजार, भारी उपकरण, पुरानो सवारी साधन, फर्निचर तथा जिन्सीका रुपमा आम्दानी बाँधी राखिएका पुराना भई कार्यालयमा प्रयोजनहीन रुपमा रहेका अन्य सरसामानहरू आदि लिलाम बिक्री गर्ने प्रयोजनका लागि **"बागमती गाउँपालिकाको माल सामान लिलाम बिक्री सम्बन्धी कार्यविधि, २०८१"** को दफा ४ बमोजिम तपसिलको सदस्य रहने गरी समिति गठन गर्ने निर्णय गरियो।

- संयोजक –श्री सार्थक घिमिरे, प्रशासन शाखा/योजना शाखा प्रमुख
- सदस्य – श्री दन्त लाल माझी, पूर्वाधार विकास समिति संयोजक
- सदस्य – श्री झम्क नारायण घलान, बरिष्ठ लेखा अधिकृत,
- सदस्य – श्री टोनी प्रकाश चौधरी, ईञ्जिनियर
- सदस्य – श्री शक्ति प्रसाद न्यौपाने, ईञ्जिनियर
- सदस्य-सचिव – श्री देव कुमार घिसिङ, जिन्सी उपशाखा प्रमुख

*निर्णय नं. ०८*

**प्रस्तावित विषय नं.** ०८ माथि छलफल गर्दा बागमती गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०८१ को नियम १५८ को उपनियम ४ बमोजिम स्थानीय दररेट निर्धारण गर्ने प्रयोजनार्थ देहाय अनुसारको स्थानीय दररेट निर्धारण समिति गठन गर्ने सर्वसम्मतिमा निर्णय गरियो।

देहाय

| क्र.सं. | नाम, थर | पद | कैफियत |
|---|---|---|---|
| १ | सर्केश घलान, गाउँपालिका अध्यक्ष | अध्यक्ष | |
| २ | ओम बहादुर दर्जी, प्रमुख प्रशासकीय अधिकृत | सदस्य | |
| ३ | कोष तथा लेखा नियन्त्रक कार्यालय, मकवापनुर, प्रतिनिधि | सदस्य | |
| ४ | उत्तर बहादुर भोलन, कार्यपालिका सदस्य | सदस्य | |
| ५ | रोशन बहादुर पुलामी, नेपाल निर्माण व्यवसायी महासंघ, स्थानीय प्रतिनिधि | सदस्य | |
| ६ | चित्र बहादुर पुलामी, उद्योग बाणिज्य संघ, स्थानीय प्रतिनिधि | सदस्य | |
| ७ | टोनी प्रकाश चौधरी, इञ्जिनियर | सदस्य-सचिव | |

सर्केश घलान
अध्यक्ष

CamScanner

***निर्णय नं. ०९***

**प्रस्तावित विषय नं. ०९** माथि छलफल गर्दा यस बागमती गाउँपालिकाको मातहतमा रहेको बेतिनी स्वास्थ्य चौकी, फापरबारीमा कार्यरत मेडिकल अधिकृत डा. विजय कुमारज्युलाई आ.व. २०८२।०८३ को लागि करार सम्झौता नवीकरण नगरी स्वतः रिक्त रहेको मेडिकल अधिकृत पदमा करार सेवा मार्फत खुल्ला प्रतियोगिताबाट उक्त पदको पदपूर्ति गर्नको लागि प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मतिमा निर्णय गरियो।

***निर्णय नं. १०***

**प्रस्तावित विषय नं. १०** विविध माथि छलफल गर्दा आवश्यकता एवं औचित्यताको आधारमा देहायानुसार सर्वसम्मतिमा निर्णय गरियो।

१. बागमती संचार समूहद्धारा संचालित रेडियो झुरझुरे ९०.६ मेगाहर्जका अध्यक्ष श्री आशिष लामा बलले विविध पारिवारिक एवं घरायशी समस्या जस्ता कारणहरु देखाई राजिनामा दिनु भएको हुँदा उक्त राजिनामा स्वीकृत गरी बागमती गाउँपालिका वडा नं. ०५ बस्ने स्थानीय समाजसेवी एवं बुद्धिजीवी श्री ज्ञान सागर लामालाई रेडियो झुरझुरे ९०.६ मेगाहर्जको अध्यक्षमा नियुक्ति गर्ने।

२. आयुर्वेद तथा बैकल्पिक चिकित्सालय हेटौंडाको च.नं. १२, मिति २०८२।०४।०५ को पत्र मार्फत नागरिक आरोग्य केन्द्र पाँच पाण्डवको कर्मचारी तथा जिन्सी हस्तान्तरण भइ आएको हुँदा उक्त केन्द्रमा करार सेवामा कार्यरत बैद्य श्री श्याम किशोर साहको करार अवधि मिति २०८२।०४।०१ गते देखि लागू हुने गरी मिति २०८२।०९।३० गते सम्मका लागि नेपाल सरकार सशर्त अनुदान तर्फ **"नागरिक आरोग्य सेवा केन्द्र संचालन तथा अभियान"** शीर्षकबाट पारिश्रमिक भुक्तानी हुने गरी नवीकरण गर्ने।

सर्कमा घलान
अध्यक्ष